

# १० पश्चातापदेखि सान्त्वना सम्म

*<u>यस अध्यायका मूल पदहरू:</u>* दानिएल ९, यर्मिया २५:११,१२,२९:१०, २ राजा १९:१५-१९, मत्ती ५:१६ र याकूब ५:१६।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"हे परमप्रभु, सुन्नुहोस्! हे परमप्रभु, क्षमा गर्नुहोस्! हे परमप्रभु, सुन्नुहोस् र कारबाई गर्नुहोस्। हे मेरा परमेश्वर, आफ्नो खातिर ढिलो नगर्नुहोस्, किनभने तपाईंको सहर र तपाईंका मानिसहरूले तपाईंको नाउँ बोकेका छन्।" दानिएल ९:१९।**

बाइबलमा धेरै महान् प्रार्थनाहरू छन्। ती प्रार्थनाहरूमा परमेश्वरका भक्तजनहरूले आफ्नो हृदय खोलेर परमेश्वरको प्रशंसा गरेका थिए भने आफ्ना पीडाहरू पनि पोखेका थिए। ती महान् वा उल्लेखनीय प्रार्थनाहरूमा दानिएल ९ पनि एक हो। आफ्नो जीवनको निर्णायक र पीडादायी समयमा र उनको सामु चुनौति खडा हुँदा त्यसको सामना गर्न प्रार्थनाको बिकल्प नभएको उनले ठानेका थिए। जब राजाको रहस्यमय सपनाले गर्दा दानिएल र उनका साथीहरूको टाउकोमा मृत्युको घन्टा बजिरहेको थियो त्यसबेला अगमवक्ता दानिएल प्रार्थनाद्वारा परमेश्वरको समिपमा गएका थिए (दानिएल २)। जब राजालाई बाहेक अरू कसैलाई पूजा नगर्न शाही आदेश जारी गर्दा आफू मारिने निश्चित भएको थियो तर त्यसबेलामा पनि दानिएलले झ्याल खोलेर यरुशलेमतर्फ फर्केर दिनदिनै प्रार्थना गरेका थिए (दानिएल ६)। त्यसकारण जब दानिएल ९मा उल्लेखित दानिएलको प्रार्थनामा हामी ध्यान दिन्छौं तब दानिएल ८मा लेखिएको दानिएलको दर्शनमा देखाइएको २३०० साँझ र बिहानको बारेमा उनलाई ठूलो प्रभाव परेको थियो भन्ने कुराको याद राख्नुपर्छ। दानिएललाई भविष्यवाणीको रुपरेखा देखाएर सरसर्ती व्याख्या गर्दा पनि

भविष्यवाणीको अवधिको बारेमा दुई स्वर्गका जीवहरूले एक आपसमा कुराकानी गरेर बताए तापनि दानिएलले बुझ्न सकेका थिएनन्। "दुई हजार तीनसय दिनहरूपछि पवित्र मन्दिरको शुद्धीकरण वा पुःन अर्पण गरिने छ" रे (दानिएल ८:१४)। त्यो भनेको के हो भन्ने कुरामा दानिएल अलमलमा परेका थिए।तर दानिएल ९मा मात्रै त्यसको अर्थ खुलाइएको थियो। त्यसको अर्थ जान्न दानिएलले हृदय खोलेर परमेश्वरसँग प्रार्थना गरेका थिए। भविष्यवाणीको अर्थ उनको प्रार्थनाको प्रत्युत्तरमा दिइएको थियो।

## १. परमेश्वरको वचन सबैको केन्द्रविन्दु

**जब दानिएलले भविष्यवाणी अत्यन्तै ध्यानदिएर पढेका थिए तब उनले धर्मशास्त्रबाट कुझें भनेर भन्छन्। बाइबलको कुन पुस्तकको बारेमा उनले चर्चा गर्छन्? हेर्नुहोस् दानिए ९:१,२ "१ अहासूरसका छोरा दाराको प्रथम वर्षमा, जो मादी वंशका थिए र बेबिलोनी राज्यका शासक तुल्याइएका थिए। २ उनका राज्यकालको प्रथम वर्षमा म, दानिएलले, यर्मिया अगमवक्तालाई दिइएको परमप्रभुको वचनअनुसार, धर्मशास्त्रबाट बुझें कि यरूशलेमको उजाड़ अवस्था सत्तरी वर्षसम्म रहनेछ।"**

जब दानिएलले गरेको प्रार्थनालाई हेर्छौं तब मोशा र अगमवक्ताहरूलाई परमेश्वरले दिनुभएको प्रकाश वा दिव्यज्ञानहरूलाई उनले गहिरिएर अध्ययन गरेको कुरा हामी थाहा पाउँछौं। यर्मियाले लेखेका पुस्तकबाट उनले थाहा पाए कि इस्राएलीहरूको निर्वासन ७० वर्षसम्म हुनेछ (यर्मिया २५:११,१२, २९:१०)। त्यसबेला आफू जिइरहेको समय ऐतिहासिकरूपमा अत्यन्तै महत्त्वपूर्ण भएको दानिएलले बुझ्दछन्।

जुन वर्षमा बेबिलोनमाथि पर्सियाको साम्राज्यले हमला गरेर आफ्नो हातमा लिएको थियो त्यसबेला दानिएलले यो प्रार्थना गरेका थिए भनेर हामीले बुझ्नुपर्छ। ई.पू. ५३९मा यो प्रार्थना गरिएको थियो। दानिएलको जीवनमा उक्त प्रार्थना गरेको समयलाई हेर्‍यौं भने राजा नबूकदनेसरले यरुशलेममा आक्रमण गरेर ध्वस्त बनाएको ७० वर्ष भइसकेको थियो। त्यसकारण यर्मियाले गरेको भविष्यवाणी अनुसार परमेश्वरका जनहरू आफ्नो मातृभूमिमा छिट्टै फर्किने आभास् त्यहाँ दिइएको थियो। परमेश्वरको वचनमा नै पूरा भरोसा राखेर चल्दा दानिएललाई थाहा भएको थियो कि उनको जनहरूको निम्ति अत्यन्तै फाइदा हुनेछ। आफ्नो वचनमा परमेश्वरले प्रतिज्ञा गर्नुभए अनुसार

बेबिलोनमा निर्वासित जीवनको अन्त्य छिटै हुनेछ र यहूदीहरू आफ्नो मातृभूमिमा उहाँले फर्काउनुहुनेछ।

आफूलाई उपलब्ध भएको धर्मशास्त्रहरूहरू पढेर दानिएलले यो महसुस गरे कि उनका मानिसहरूका पापहरू कति गम्भीर थिए। तिनीहरूले परमेश्वरसँग गरेको करार वा वाचाबन्धन भङ्ग गरेको कारणले परमेश्वरसँग तिनीहरूको सम्बन्ध तोडिएको थियो। त्यसैको फलस्वरुप तिनीहरूले निर्वासित वा विदेशमा शरणार्थी जीवन बिताउनु परेको थियो (लेबी २६:१४-४५)। परमेश्वरले गर्नुभएको भविष्यवाणीलाई गहिरिएर अध्ययन गर्दा दानिएलले भविष्यवाणीका समयहरूको बारेमा बुझ्न सकेका थिए। त्यसैले आफ्ना जनहरूको निम्ति परमेश्वरसँग बिन्तिभाव गर्न अत्यन्तै जरुरी भएको कुरा दानिएलले महसुस गरेका थिए।

जब हामी यस पृथ्वीको इतिहासको अन्तिम घडीमा अघिसरिरहेका हुन्छौं तब हामीले पनि परमेश्वरको वचन गहिरिएर पढ्न र त्यस अनुसार चल्न अति आवश्यक भएको ठान्नुपर्छ। असल र खराबको बीचमा भइरहेको भिषण संग्रामका कथाहरू बाइबलले खुलासा गर्दछ, तर खराब तत्व वा पाप सदाको निम्ति मेटिनेछ र परमेश्वरको अनन्तको राज्य स्थापना हुनेछ भन्ने आत्मज्ञान परमेश्वरका प्रत्येक विश्वासीले बुझ्नु जरुरी छ। हामी जतिजति धेरै बाइबल पढ्छौं त्यतित्यति यस संसारको भिषण परिस्थितिको बारेमा र हामीले यस संसारमा जिउनुको लक्ष्य के हो भनेर हामी बुझ्दै जानेछौं साथै यस संसारको कुनै पनि सभ्यता, दर्शन, वाद, वैज्ञानिक र प्राविधिक उपलब्धिले उपलब्ध गराउन नसकेको आशा पनि हामीलाई यही बाइबलमा उपलब्ध गराइएको छ।

**संसारमा जे भइरहेको छ त्यसको कुनै अर्थ नै नभए जस्तो हामी महसुस गरिरहेका हुन्छौं। आत्महत्या, आमहत्या, युद्ध, विभिन्न खालका आतङ्क, डर, पीडा आदि जस्ता भिषण अनुभव आजका मानिसहरूले भोगिरहेका छन्। पापी र अधर्मी क्रियाकलाप यो सभ्यताको संस्कारै भइरहेको छ। ती भयावह तत्वहरूको बारेमा बुझ्न हामीलाई केही हदसम्म बाइबलले कसरी सहयोग गर्दछ?**

## २. अनुग्रहको निम्ति बिन्ति

कुन आधारमा दानिएलले अनुग्रह र दयाको निम्ति परमेश्वरसँग बिन्ति गर्दछन्? हेर्नुहोस् दानिएल ९:३-१९ "३ यसकारण उपवाससाथ भाङ्ग्रा ओढ़ेर खरानी धसी प्रार्थना र अन्तर्बिन्ती गर्दै परमप्रभु परमेश्वरतिर फर्केर्। ४ मैले पाप स्वीकार गर्दै परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना गरें: 'हे परमप्रभु, महान् र भययोग्य परमेश्वर, जसले उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने सबैसँग प्रेमको करार पूरा गर्नुहुन्छ, ५ हामीले पाप गरेका छौं र गल्ती गरेका छौं। हामी दुष्ट भएका छौं र बागी बनेका छौं, हामी तपाईंका आज्ञा र धार्मिक नियमहरूबाट तर्केका छौं। ६ हामीले तपाईंका सेवक अगमवक्ताहरूका कुरामा ध्यान दिएनौं, जसले तपाईंको नाउँमा हाम्रा राज्यहरू, हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू र देशका सबै मानिसहरूसँग बोलेका थिए। ७ 'परमप्रभु, तपाईं धर्मी हुनुहुन्छ, तर तपाईंप्रति भएको विश्वासघातको कारणले सबै देशहरूमा छरपष्ट पारिएका नजिक र टाढ़ा बस्ने, हामी यहूदाका मानिसहरू र यरूशलेम र इस्राएलका जनताहरू लाजले ढाकिएका छौं। ८ हे परमप्रभु, हामी र हाम्रा राजाहरू हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू लाजले ढाकिएका छौं, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। ९ हामी उहाँको विरुद्धमा बागी भएका छौं, यद्यपि परमप्रभु हाम्रा परमेश्वर कृपालु र क्षमाशील हुनुहुन्छ। १० हामीले परमप्रभु हाम्रा परमेश्वरका आज्ञा पालन गरेका छैनौं र उहाँका सेवक अगमवक्ताहरूद्वारा दिइएका नियमहरू पनि मानेका छैनौं। ११ तपाईंको आज्ञापालन गर्न अस्वीकार गरी सम्पूर्ण इस्राएलले तपाईंको व्यवस्था भङ्ग गरेका छन् र तपाईंदेखि टाढ़ा भएका छन्। 'यसकारण परमेश्वरका सेवक मोशाको व्यवस्थामा उल्लिखित सराप र शपथ गरिएका फैसलाहरू हामीमाथि खन्याइएका छन्, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। १२ हामीमाथि ठूलो विपत्ति ल्याएर हाम्रा विरुद्धमा र हाम्रा शासकहरूका विरुद्धमा बोल्नुभएका वचनहरू तपाईंले पूरा गर्नुभएको छ। यरूशलेमसित आकाशमुनि कहिल्यै नगरिएको व्यवहार गरिएको छ। १३ मोशाको व्यवस्थामा लेखिएजस्तै यी सबै विपत्ति हामीमाथि आएका छन्, तैपनि आफ्ना पापदेखि फर्की तपाईंको सत्यतालाई ध्यान दिएर हामीले परमप्रभु हाम्रा परमेश्वरको कृपा खोजेका छैनौं। १४ हामीमाथि विपत्ति ल्याउन परमप्रभु अनकनाउनुभएन, किनभने परमप्रभु हाम्रा परमेश्वर उहाँले गर्नुहुने सबै कुरामा धर्मी हुनुहुन्छ। तापनि हामीले उहाँको आज्ञा मानेका छैनौं। १५ 'अब हे परमप्रभु हाम्रा परमेश्वर, जसले आफ्ना

जनहरूलाई शक्तिशाली हातले मिश्रदेशबाट ल्याउनुभयो र आजको दिनसम्म आफ्नो नाम स्थिर राख्नुभएको छ, हामीले पाप गरेका छौं, हामीले गल्ती गरेका छौं। १६ हे परमप्रभु, तपाईंका धार्मिक कार्यअनुरूप तपाईंको सहर, तपाईंको पवित्र डाँड़ा यरूशलेमबाट आफ्नो क्रोध र रीस हटाउनुहोस्। हाम्रा पाप र हाम्रा पिता-पुर्खाका अपराधले गर्दा यरूशलेम र तपाईंका मानिसहरू हाम्रा वरिपरिका मानिसहरूका सामु गिल्लाका पात्र बनेका छन्। १७ 'अब हे हाम्रा परमेश्वर, आफ्नो दासको प्रार्थना र अन्तर्बिन्ती सुन्नुहोस्। हे परमप्रभु, तपाईंको आफ्नै खातिर आफ्नो उजाड़ पारिएको पवित्रस्थानमाथि कृपा-दृष्टि राखिदिनुहोस्। १८ हे परमेश्वर, आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस् र तपाईंको नाउँ बोकेको सहरको उजाड़ अवस्था हेर्नुहोस्। हामी धर्मी छौं भनेर यो बिन्ती गरेका छैनौं, तर तपाईंको महान् कृपाको कारणले। १९ हे परमप्रभु, सुन्नुहोस्! हे परमप्रभु, क्षमा गर्नुहोस्! हे परमप्रभु, सुन्नुहोस् र कारबाई गर्नुहोस्। हे मेरा परमेश्वर, आफ्नो खातिर ढिलो नगर्नुहोस्, किनभने तपाईंको सहर र तपाईंका मानिसहरूले तपाईंको नाउँ बोकेका छन्।'"

*दानिएलको यस प्रार्थनमा केही बिशेषताहरू छन् जुन हामीले हेर्नैपर्छ।*

प्रथमतः दानिएलले गरेको प्रार्थनामा यहूदीहरूमाथि आइपरेका आपत्तिहरू किन आए भनेर त्यसको कुनै व्याख्या वा स्पष्टिकरण मागेको देखिदैन। तिनीहरूमाथि आपत्ति किन आइपऱ्यो भन्ने कारण उनलाई थाहा थियो। दानिएलको प्रार्थनाको अधिकांश हिस्सामा दानिएल आफैले आफूहरूमा आएको बिपदहरूको कारण बताउँछन्: "हाम्रो परमेश्वरको आवाजलाई हामीले मानेनौं। उहाँका अगमवक्ता सेवकहरूले हाम्रो अगाडि राखेका परमेश्वरका व्यवस्थाहरू अनुसार हिंडेनौं" (दानिएल ९:१० रूपान्तरित)। दानिएल ८को अन्त्यमा २३०० दिनको दर्शनको बारेमा बुझ्न नसकेको भनेर उनले भनेको हामीले अघिल्लो अध्यायमा हेऱ्यौं।

दोस्रोमा, दानिएल प्रार्थनामा परमेश्वरको अनुग्रहको निम्ति बिन्तिभाव गर्दछन्। परमेश्वरका जनहरूले पाप र दुष्ट काम गरेतापनि तिनीहरूलाई क्षमा दिन परमेश्वर उत्सुक हुनुहुन्छ भनेर दानिएल भन्दछन्। यहाँ हामीले हेऱ्यौं भने सुसमाचारको प्रभावकारी चित्रण गरिएको देखिन्छ। पापी मानिसहरूको आफ्नो कुनै सराहनीय पुण्य काम नभएतापनि परमेश्वरको अनुग्रह तिनीहरू खोज्दछन्। तिनीहरूले आर्जन नगरेको र तिनीहरू क्षमा पाउन योग्य

नभएतापनि परमेश्वरबाट अनुग्रह, कृपा र क्षमाको निम्ति बिन्ति गर्दछन्। हामी सबै जना परमेश्वरको सामु त्यस्तै छैनौं र?

**आफ्नो प्रार्थनामा दानिएलले परमेश्वरसँग उनले गरेका प्रार्थनाको जवाफ छिटो दिनुहोस् भनि बिन्ति गर्छन् तर उनको प्रार्थनाको जवाफ कुन आधारमा पाउन उनले अनुरोध गरर्का थिए? हेर्नुहोस् दानिएल ९:१८,१९ "१८ हे परमेश्वर, आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस् र तपाईंको नाउँ बोकेको सहरको उजाड़ अवस्था हेर्नुहोस्। हामी धर्मी छौं भनेर यो बिन्ती गरेका छैनौं, तर तपाईंको महान् कृपाको कारणले। १९ हे परमप्रभु, सुन्नुहोस्! हे परमप्रभु, क्षमा गर्नुहोस्! हे परमप्रभु, सुन्नुहोस् र कारबाई गर्नुहोस्। हे मेरा परमेश्वर, आफ्नो खातिर ढिलो नगर्नुहोस्, किनभने तपाईंको सहर र तपाईंका मानिसहरूले तपाईंको नाउँ बोकेका छन्।"**

दानिएलको प्रार्थनाको अर्को पक्ष हामीले बुझ्नु अनिवार्य छः परमेश्वरको आफ्नै नाउँको इज्जत थाम्न वा सम्मान गर्न प्रार्थनाको जवाफ दिन भनि उनी बिन्ति गर्छन्। दानिएलले आफ्नो व्यक्तिगत वा उनका जनहरूको सुविस्ताको निम्ति होइन तर परमेश्वरको नाउँलाई थामी राख्न उहाँसँग अनुरोध गर्छन् (दानिएल ९:१७-१९)। अर्को अर्थमा भन्ने हो भने दानिएलको प्रार्थना वा बिन्ति परमेश्वरले सुन्नैपर्छ किनभने त्यसले परमेश्वरको महिमा र आदर गर्दछ साथै उहाँको इज्जत थाम्दछ।

**२ राजा १९:९-१९ अनुसार राजा हिजकियाको प्रार्थना दानिएलसँग कसरी मिल्दछ? मत्ती ५:१६ अनुसार हामीले पनि परमेश्वरको महिमा कसरी गर्न सक्छौं? हेर्नुहोस् "९ अब मिश्रदेशका कूशी राजा तिर्हाकाह आफूसित लड़ाइँ गर्नलाई आइरहेका छन् भनी सनहेरीबले प्रतिवेदन पाए। यसैले उनले फेरि यहूदाका राजा हिजकियाकहाँ यसो भनेर समाचारवाहक पठाए, १० यहूदाका राजा हिजकियालाई भन्नूः 'यरूशलेम अश्शूरका राजाको हातमा पर्नेछैन' भन्ने तिमीले भरोसा गरेका देवताले तिमीलाई धोका नदिऊन्। ११ अश्शूरका राजाहरूले सबै देशहरूलाई के गरेका छन्, र तिनीहरूलाई कसरी सम्पूर्ण सर्वनाश गरेका छन् सो तिमीले निश्चय नै सुनेकै छौ। अनि के तिमी छुटकारा पाउने आशा गर्दछौ र? १२ के मेरा पिता-पुर्खाहरूले सर्वनाश गरेका जातिहरूका देवताहरूले तिनीहरूलाई छुटकारा दिए त? गोजान, हारान, रेसेप र तेल-अस्सारमा बस्ने अदनका मानिसहरूका देवताहरू १३ हमातका राजा, अर्पादका राजा वा सपर्बेम सहरका राजा, अथवा हेना वा इव्वाका राजाहरू कहाँ**

छन् त? १४ हिजकियाले यो चिट्ठी समाचारवाहकहरूबाट लिए, र पढ़े। तब तिनी परमप्रभुको मन्दिरमा उक्लेर गए, र परमप्रभुको सामुन्ने त्यो खोलेर राखिदिए। १५ र हिजकियाले परमप्रभुमा यो प्रार्थना चढ़ाए: 'हे परमप्रभु, इस्राएलका परमेश्वर, जो करूबहरूका बीचमा सिंहासनमा विराजमान हुनुहुन्छ, पृथ्वीका सारा राज्यहरूमा तपाईं मात्र परमेश्वर हुनुहुन्छ। तपाईंले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो! १६ हे परमप्रभु, आफ्ना कान खोलेर सुन्नुहोस्! हे परमप्रभु, आफ्ना आँखा खोलेर हेर्नुहोस्। जीवित परमेश्वरलाई ठट्टा गर्न सनहेरीबले पठाएका कुराहरू सुन्नुहोस्। १७ 'हे परमप्रभु, यो कुरा साँचो हो, कि अश्शूरका राजाहरूले यी जाति-जातिहरू र यिनीहरूका देशहरूलाई उजाड़ पारेका छन्। १८ उनीहरूले यिनीहरूका देवताहरूलाई आगोमा हालेर सर्वनाश पारिदिएका छन्, किनकि तिनीहरू त ईश्वर थिएनन्, तर मानिसहरूका हातले बनाएका काठ र ढुङ्गा मात्र थिए। १९ अब हे परमप्रभु हाम्रा परमेश्वर, उनको हातबाट हामीलाई बचाउनुहोस्, ताकि पृथ्वीका सबै राज्यहरूले यो जानून् कि परमप्रभु, तपाईं मात्र परमेश्वर हुनुहुन्छ।' र "१४ 'तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। १५ मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। १६ यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।" मत्ती ५:१४-१६।

## ३. प्रार्थना वा बिन्तिभाउको मूल्य वा उपदेयता

दानिएल ९:५-१४ फेरि पढ्नुहोस्। आफू र आफ्ना जनहरू "हामीले" पाप गर्‍यौं जसले गर्दा आफ्नो देशमा यो बिपत्ति आइ पर्‍यो भन्ने दानिएलको निरन्तर भनाइको अर्थ के हो? हेर्नुहोस् "५ हामीले पाप गरेका छौं र गल्ती गरेका छौं। हामी दुष्ट भएका छौं र बागी बनेका छौं, हामी तपाईंका आज्ञा र धार्मिक नियमहरूबाट तर्केका छौं। ६ हामीले तपाईंका सेवक अगमवक्ताहरूका कुरामा ध्यान दिएनौं, जसले तपाईंको नाउँमा हाम्रा राज्यहरू, हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू र देशका सबै मानिसहरूसँग बोलेका थिए। ७ परमप्रभु, तपाईं धर्मी हुनुहुन्छ, तर तपाईंप्रति भएको विश्वासघातको कारणले सबै देशहरूमा छरपष्ट पारिएका नजिक र टाढ़ा बस्ने, हामी यहूदाका मानिसहरू र यरूशलेम र इस्राएलका जनताहरू लाजले ढाकिएका छौं। ८ हे परमप्रभु, हामी

**र हाम्रा राजाहरू हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू लाजले ढाकिएका छौं, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। ९ हामी उहाँको विरुद्धमा बागी भएका छौं, यद्यपि परमप्रभु हाम्रा परमेश्वर कृपालु र क्षमाशील हुनुहुन्छ। १० हामीले परमप्रभु हाम्रा परमेश्वरका आज्ञा पालन गरेका छैनौं र उहाँका सेवक अगमवक्ताहरूद्वारा दिइएका नियमहरू पनि मानेका छैनौं। ११ तपाईंको आज्ञापालन गर्न अस्वीकार गरी सम्पूर्ण इस्राएलले तपाईंको व्यवस्था भङ्ग गरेका छन् र तपाईंदेखि टाढ़ा भएका छन्। यसकारण परमेश्वरका सेवक मोशाको व्यवस्थामा उल्लिखित सराप र शपथ गरिएका फैसलाहरू हामीमाथि खन्याइएका छन्, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। १२ हामीमाथि ठूलो विपत्ति ल्याएर हाम्रा विरुद्धमा र हाम्रा शासकहरूका विरुद्धमा बोल्नुभएका वचनहरू तपाईंले पूरा गर्नुभएको छ। यरूशलेमसित आकाशमुनि कहिल्यै नगरिएको व्यवहार गरिएको छ। १३ मोशाको व्यवस्थामा लेखिएजस्तै यी सबै विपत्ति हामीमाथि आएका छन्, तैपनि आफ्ना पापदेखि फर्की तपाईंको सत्यतालाई ध्यान दिएर हामीले परमप्रभु हाम्रा परमेश्वरको कृपा खोजेका छैनौं। १४ हामीमाथि विपत्ति ल्याउन परमप्रभु अनकनाउनुभएन, किनभने परमप्रभु हाम्रा परमेश्वर उहाँले गर्नुहुने सबै कुरामा धर्मी हुनुहुन्छ। तापनि हामीले उहाँको आज्ञा मानेका छैनौं।"**

बाइबलमा अरूको निम्ति प्रार्थना वा विन्तिभाउ गर्नु उल्लेखनीय विषय हो । जुन दानिएलले गरे त्यो एक महत्त्वपूर्ण र बिशेष प्रार्थना थियो। यस्तो खालको हृदयबिदारक प्रार्थनाले परमेश्वरको हृदय छुन्छ। न्यायलाई पन्छाएर पनि उहाँका जनहरूलाई शत्रुबाट छुट्कारा दिनुहुन्छ। जब पापको ज्यादतिले गर्दा सारा यहूदी राष्ट्रलाई परमेश्वरले खतम गर्न खोज्नुभएको थियो तब मोशाको प्रार्थनाले त्यो कामबाट परमेश्वरले हात झिक्नुभयो (प्रस्थान ३२:७-१४, गन्ती १४:१०-२५)। खडेरीले गर्दा इस्राएल खतम हुन लागेको थियो त्यसबेला परमेश्वरले एलियाको प्रार्थना सुन्नुहुन्छ र पानी पठाएर इस्राएल भूमिलाई पुनर्जीवित पार्नुहुन्छ (१ राजा १८)।

जब हामी हाम्रो परिवार, साथीभाइ वा अन्य मानिसहरू वा परिस्थितिको निम्ति प्रार्थना गर्छौं तब परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ तब उहाँले हस्तक्षेप गर्न सक्नुहुन्छ। कहिलेकाहीं हाम्रो प्रार्थनाको जवाफ पाउन धेरै समय लाग्न सक्छ। तर उहाँका जनहरूको आवश्यकतालाई परमेश्वरले कहिल्यै पनि बिर्सनुहुन्न भन्ने कुरामा हामी ढुक्क हुनुपर्छ (याकूब ५:१६

"तिमीहरू एउटाले अर्कासँग आफ्ना-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ)।

अब दानिएलको मामिलामा उनले आफ्नो जनहरू र परमेश्वरको बीचमा प्रार्थनाद्वारा मध्यस्थताको भूमिक खेल्दछ। आफूले पढेको इस्राएलीहरूको इतिहास अनुसार मानिसहरूले परमेश्वरको व्यवस्थालाई उल्लङ्घन गरेर उहाँका चेतावनीहरूलाई वेवास्ता गरेर कति पाप गरे भन्ने कुरा दानिएलले महसुस गरेका थिए। आत्मिक रूपमा इस्राएलीहरू निराश र भयाभित भएको महसुस गरेर आत्मिकरूपमा चङ्गाई हुन र क्षमाको निम्ति दानिएलले प्रार्थना गरे। यसमा दानिएलले पनि केहिहदसम्म येशूको भूमिका खेलेको देखिन्छ किनभने उहाँले पनि परमेश्वरसँग हाम्रो निम्ति प्रार्थना र बिन्तिभाउ गर्नुभएको थियो (यूहन्ना १७)। तर दानिएल र येशूको बीचमा उल्लेखनीय भिन्नता छः येशूमा पाप थिएन (हिब्रू ४:१५) जसले गर्दा आफ्नो व्यक्तिगत पापको निम्ति उहाँले प्रायश्चित गर्नुपरेको थिएन वा व्यक्तिगत क्षमाको निम्ति बलिभेटीहरू चढाउन आवश्यक थिएन (हिब्रू ७:२६:२७)। तैपनि येशूले पापीहरूसँगै बिशेष गरि आफूलाई पहिचान गराउनुभयोः "निष्पाप हुनुभएको उहाँलाई हाम्रो निम्ति परमेश्वरले उहाँलाई पाप हुन दिनुभयो। त्यसले गर्दा परमेश्वरको धार्मिकता हामीमा सार्न सकियोस्" (२ कोरन्थी ५:२१ रूपान्तरित)।

**"यदि तपाईंले मानिसमा भएको प्रत्येक आदर्श चरित्र, असल काम, पवित्र जीवन र प्रेमले भरिएको आचरणलाई परमेश्वरका स्वर्गदूतहरूको सामु उसको मुक्तिको निम्ति पुण्य काम गरेको भनेर प्रस्तुत गर्नुभयो भने त्यो प्रस्ताव षडयन्त्रपूर्ण छ भनेर अस्वीकार गरिनेछ।"-एलेन जी ह्वाइट, फेथ आन्ड वर्कस, पृ. २४बाट रूपान्तरित। एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको उपर्युक्त भनाइले हाम्रो निम्ति पहल गर्न वा बिन्ति गर्न प्रभुको आवश्यकता छ भनेर कसरी सिकाउँछ?**

## ४. मसीहको काम

इस्राएली जनहरूको निम्ति दानिएलले प्रार्थना र बिन्तिभाउ गर्दा दुई मुख्य चासोलाई लिएर सम्बोधन गरेको पाइन्छः मानिसहरूको पाप र यरुशलेम सहरको भत्किएको जीर्ण अवस्था। त्यसकारण यी दुई निबेदनहरूको

मामिलालाई लिएर परमेश्वरले जवाफ दिनुहुन्छ। मसीहको कामले परमेश्वरका जनहरूलाई उद्धार गर्नुहुनेछ र पवित्र मन्दिरको अभिषेक, शुद्धीकरण वा पुनअर्पण गरिनेछ। यद्यपि दुई बिशेष निबेदनको जवाफहरू दानिएलको जीवनमा घटेका ऐतिहासिक दायराभन्दा अपार थियोः मसीहको कामले केवल यहूदी जातिहरूको मात्र नभएर समस्त मानव प्राणीकैलागि फाइदा हुनेछ।

**दानिएल ९:२१-२७मा ७० हप्ताको समय तालिका तोकिएको छ। त्यसभित्र के काम हुनेथियो र त्यो काम केवल येशूलेमात्र किन सम्पन्न गर्नसक्नुहुन्थ्यो? हेर्नुहोस्ः "२० जसरी म बोल्दै र प्रार्थना गर्दै, मेरो आफ्नै पाप र मेरा इस्राएली जातिको पाप स्वीकार गर्दै र उहाँको पवित्र डाँड़ाको लागि परमप्रभु मेरा परमेश्वरसँग बिन्ती गर्दैथिएँ, २१ जसरी म प्रार्थनामा नै थिएँ, पहिलेको दर्शनमा मैले देखेका मानिस, गब्रिएल, साँझका बलिदानको समयमा वेगसँग उड़ेर मकहाँ आए। २२ उनले मलाई आदेश दिए र भने, 'हे दानिएल, अहिले म तिमीलाई अन्तर्ज्ञान र समझ दिन आएको छु। २३ तिमीले प्रार्थना गर्न थाल्ने बित्तिकै प्रार्थनाको उत्तर दिइयो, जुनचाहिँ तिमीलाई बताउन म आएको छु, किनकि तिमी अति सम्मानित छौ। त्यसकारण सन्देशलाई विचार गर र दर्शन बुझ। २४ तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू'को आदेश तोकिएको छ। २५ यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात 'सातहरू' र बयसट्ठी 'सातहरू' हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी 'सातहरू' पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक 'सात'को लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात'को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।'"**

२४ पदमा उल्लेख गरिएको "पाप खतम गर्न" भन्ने शब्द हिब्रू भाषाको *पेशा*बाट आएको हो। यसको अर्थ जानाजानी साना मानिसले आफूभन्दा ठूलाको आज्ञा नमान्नु भन्ने हुन्छ (उदारणमा हितोपदेश २८:२४ "आफ्नो बुबा वा आमालाई लुटेर 'यो गल्ती होइन' भन्ने छोरा बरबादीको साझेदार हुन्छ)। परमेश्वरलाई जानाजान चुनौति दिने वा उहाँको आज्ञा नमान्ने मानिसहरूको पापलाई व्याख्या गर्न पनि यो शब्द प्रयोग गरिएको छ (जस्तै "उहाँले भन्नुभयो, 'हे मानिसको छोरो, म तिमीलाई इस्राएली जातिकहाँ पठाउँदैछु, एउटा बागी जातिकहाँ, जो मेरो विरुद्धमा बागी भएको छ। तिनीहरू र तिनीहरूका पिता-पुर्खाहरू पनि आजको दिनसम्मै मेरो विरुद्धमा बागी भएका छन्।" इजकिएल २:३)। परमेश्वरको बिरुद्धमा गरिने विद्रोह वा बागीपना येशूको रगतले खारेज गर्नुभएको छ र कलबरीबाट बहने पुनित क्षमा समस्त मानव जातिहरूलाई उपलब्ध गराइएको छ।

२ "पाप समाप्त गर्न।" यसमा उल्लेख गरिएको क्रियापदको अर्थ लालमोहर लगाउनु हो र त्यसको अर्थ पापलाई क्षमा दिनु हो। अदनको बगैंचामा मानिसले पाप गरेदेखि मानव जाति परमेश्वरको आदर्शमा जिउन असमर्थ भएको छ अर्थात परमेश्वरले दिनुभएको नीति अनुसार चल्न सकेको छैन। यद्यपि हाम्रो असफलतालाई मसीहले सम्हाल्नुहुनेछ।

३ "दुष्टताको लागि प्रायश्चित गर्न।" पावल उल्लेख गर्दछन् "१९ किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, २० र परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो।" (कलस्सी १:१९-२०)। यहाँ पनि केवल येशूलेमात्र त्यसको वास्तविकतालाई उतार्न सक्नुहुन्छ।

४ "अनन्त धार्मिकता ल्याउन।" हामी मर्नुपर्ने ठाउँमा येशू ख्रीष्ट मर्नुभयो जसले गर्दा परमेश्वरको सामु निर्दोष भएर उभिन सक्ने आशिषित भएको अवस्था हामीलाई उपलब्ध गराइएको छ। केवल विश्वास वा येशूमाथिको आस्थाद्वारामात्र परमेश्वरबाट आउने धार्मिकता हामीलाई उपलब्ध हुनसक्छ।

५ "दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न।" जब येशू ख्रीष्टले आफूलाई बलिको रूपमा अर्पण गर्नुभयो तब उहाँबाट पाइने पापक्षमा

वा प्रायश्चित गर्ने कामलाई औंल्याउने पुरानो करारका भविष्यवाणीहरूको मोहर लगाइएको थियो अर्थात् पूरा भएको थियो।

६ "महापवित्रस्थानलाई अभिषेक।" महापवित्र भनेर यहाँ व्यक्तिलाई नभएर स्थानलाई सम्बोधन गरिएको हो। महापवित्रस्थान भनेको स्वर्गमा रहेको पवित्र स्थान वा पवित्र मन्दिर हो। जब येशूले हाम्रो निम्ति मूल पूजारी भएर त्यस मन्दिरलाई उदघाटन गर्नुभयो तब त्यस स्थानलाई अभिषेक गरिएको थियो (हिब्रू ८:१ "अब हामीले भन्न चाहेको कुराचाहिँ यही होः हाम्रा यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्वरका सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ")।

## ५. भविष्यवाणीको मिति वा समयतालिका

२३०० बेलुका र बिहानको स्वप्नदर्शनको अन्तमा अगमवक्ता दानियल अलमलमा परेका थिए किनभने त्यसको अर्थ उनले बुझ्न सकेका थिएनन् (दानिएल ८:२७)। तर उनले देखेको स्वप्नदर्शनको दश वर्षपछि स्वर्गदूत गाब्रिएल उक्त दर्शनको अर्थ बताउन उनीकहाँ आउँछन् (दानिएल ९:२३)। उनलाई स्पष्ट नभएको सन्देश पछि दर्शनद्वारा उनलाई दिइन्छ र मसीहको काम ७० हप्ताको अवधिपछि सम्पन्न हुने कुरो पनि उनलाई प्रकट गराउँछन्। हामीले अगाडि नै हेर्‍यौं कि भविष्यवाणीको समयलाई बुझ्न एक दिनको अर्थ एक वर्ष हो भनेर बुझ्नुपर्छ। त्यसै अनुसार ७० हप्ताको अर्थ ४९० वर्ष भनेर बुझ्नुपर्छ। र त्यो वर्ष कहिले सुरू हुन्छ भन्दा जब यरुशलेमको पुनर्निर्माण गर्न र त्यस सहरको पुनर्स्थापना गर्न आदेश दिइन्छ (दानिएल ९:२५)। राजा आर्तसास्तले ई.पू. ४५७मा यरुशलेमको पुनर्निर्माण गर्न त्यो आदेश दिएका थिए। एज्राको नेतृत्वमा यहूदीहरू यरुशलेममा फर्केर त्यस सहरको पुनर्निर्माण गरेका थिए (एज्रा ७)। बाइबलीय पदले उल्लेख गरे अनुसार ७० हप्ता निर्धारित गरिएको वा "काटिएको" भन्ने बुझाउँछ। त्यसको अर्थ ठूलो समय तालिकाबाट ४९० वर्ष काटिएको थियो। दानिएलले अध्याय ८मा आफ्नो दर्शन अनुसार उल्लेख गरेको लामो २३०० दिन वा वर्षहरू तोकिएको समयबाट ४९० काटिएको थियो। त्यसले गर्दा २३०० वर्ष र ४९० वर्षको सुरु एउटै मितिमा हुनुपर्छ अर्थात् ई,पू. ४५७।

सात हप्ता वा ४९ वर्षहरू भनेर सम्बोधन गर्रिँदा यरुशलेमको पुनर्निर्माण गरेको समयलाई देखाएको समय हो भन्न सकिन्छ। सात हप्तापछि

६२ हप्ता (४३४ वर्ष) अरू बाँकी रहन्छ जब राजकुमार मसीहतिर डोऱ्याउँछन् (दानिएल ९:२५)। यसरी राजा आर्तसास्तले दिएको आदेशको ४८३ वर्षपछि सन् २७मा येशू मसीहले बप्तिस्मा लिनुहुन्छ र उहाँको मसीह कामको निम्ति पवित्र आत्माले अभिषेक गर्नुहुन्छ।

सत्तरीयौं हप्ताको दौरानमा अर्को निर्णायक घटनाहरू घट्छः (१) "मसीह वा अभिषिक्त जन हटाइनेछ" (दानिएल ९:२६)। यसले येशू ख्रीष्टको मृत्युको भविष्यवाणी गर्दछ। (२) मसीहले "धेरै जनासित एक 'साता'को लागि तिनले एउटा करारको सदर गर्नेछन्।" (दानिएल ९:२७)। येशू र उहाँ चेला वा प्रेरितहरूलाई यहूदी राष्ट्र वा जातिको निम्ति विशेष लक्ष्य पूरा गर्न खटाइएको थियो। यो काम अन्तिम सातामा गरिएको थियो अर्थात् सन् २७देखि ३४सम्ममा । (३) "तर हप्ताको बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्।" (दानिएल ९:२७)। येशूलाई बप्तिस्मा दिएको तिन वर्ष छ महिनापछि अर्थात् हप्ताको बीचमा भएको उहाँको बप्तिस्मा पछि येशूले पशुबलिको विधिलाई अन्त्य गर्नुहुन्छ। त्यसको अर्थ अब यस पृथ्वीमा भएको पवित्र मन्दिरमा हुने तर भविष्यवाणीलाई औंल्याउने पशुबलि र सबै विधिको औचित्य समाप्त भएको थियो। येशूको बलि नै नयाँ करारमा उल्लेख गरिएको अन्तिम र सिद्ध बलि थियो। पाप मोचनलाई औंल्याउने कुनै पनि पशु बलिको आवश्यकता खारेज भएको थियो। ७० हप्ताको अन्तिम हप्ता सन् ३४मा अन्त भएको थियो येशूका भक्त स्टिफनलाई सुसमाचारको खातिर मारियो। त्यसबेलादेखि यहूदीहरूलाईमात्र सुरूमा उपलब्ध गराइएको सुसमाचार तिनीहरूबाट अयहूदी वा अन्य जातिहरूलाईमा पुऱ्याउने बाटो खुलेको थियो।


**दानिएल ९:२४-२७ फेरि पढ्नुहोस्। भविष्यवाणीमा उल्लेख गरिएको मसीहको महान् आशा र प्रतिज्ञाको बाबजुद पनि यस संसारमा हत्या, हिंसा, आतङ्क, युद्ध, उदासिनता, विध्वंस र मानिसको हृदयमा भइरहने भयावह र अनिश्चिताको वातावरण झन् झन् चर्किरहेको हामी पढ्दछौं। जीवनको यस्तो बिपत्तिमा पनि परमेश्वरप्रति हुनु पर्ने आशा अझ पल्हाइ नै रहेको छ भनेर हामी आफैलाई र अरूलाई कसरी विश्वस्त पार्ने? हेर्नुहोस् "२४ 'तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू'को आदेश तोकिएको छ। २५ 'यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न**

**यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात 'सातहरू' र बयसट्ठी 'सातहरू' हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी 'सातहरू' पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक 'सात' को लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात'को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।" (दानिएल ९:२४-२७)।**

## उपसंहारः

दानिएल ९:२४-२७को ७० हप्ताको भविष्यवाणी दानिएल ८:१४मा उल्लेख गरिएको २३०० वर्षको भविष्यवाणीसँग कसरी गाँसिएको छ भनेर तलको चित्रले देखाउँछ। यदि तपाईंले २३०० वर्षको भविष्यवाणी ई.पू. ४५७देखि सुरूभएको थियो भन्ने ज्ञानलाई बुझ्न सक्नुभयो भने त्यो भविष्यवाणीको अन्त सन् १८४४मा भएको थाहा पाउनुहुनेछ (अस्तित्व नभएको शुन्य वर्षलाई हटाउनुपर्छ भनेर सम्झिनुपर्छ)। वा तपाईंले बाँकीभएको १८१० वर्ष सन् ३४देखि गन्नुभयो भने (२३००बाट ४९० घटाएर) तपाईंले सन १८४४मा पुऱ्याउनुहुनेछ। यस तर्कले हामी यो ठोकुवा गरेर भन्न सक्छौं कि दानिएल ८:१४मा उल्लेख गरिएको पवित्र मन्दिरको शुद्धीकरण वा पुःनअर्पण १८४४देखि सुरूभएको थियो।

सन् १८४४को मिति दानिएल ७ र ८मा उल्लेख गरिएको मितिसँग कसरी मिल्छ भनेर पनि हामीले हेऱ्यौं। अर्थात् दानिएल ७मा उल्लेख गरिएको न्याय अदालत बसेको दृश्य दानिएल ८मा उल्लेख गरिएको स्वर्गको पवित्र मन्दिरको शुद्धीकरण वा पुःन अर्पण एउटै हो। यो दृश्य दानिएल ७:२५ले उल्लेख गरेको १२६० सम्म परमेश्वरका जनहरूलाई दिइने सतावट र यातना पछि हुनेछ भनेर देखाइएको थियो तर येशूको दोस्रो आगमनभन्दा अघि र उहाँको अनन्तको राज्य स्थापना हुनुभन्दा अघि मन्दिरको शुद्धीकरण भएको वा न्यायिक अदालत बसेको थियो।




**चिन्तनमनन्:**

अ. २३०० दिनको भविष्यवाणी र ७० हप्ताको भविष्यवाणी एउटै भविष्यवाणी हो भनेर बाइबलका विज्ञ वा विद्वानहरूले भनेको ठिकै हो। तिनीहरूले किन यो भने? यो तर्कलाई सही ठान्न तपाईंले के प्रमाण दिन सक्नुहुन्छ?

आ. दानिएलले अध्याय ९मा उल्लेख गरिएका बिन्तिप्रार्थनाबाट हामी के सिक्नसक्छौं जसले गर्दा हामीहरूकै प्रार्थना जीवनमा लागु गराउन सक्छौं?

इ. हाम्रो निम्ति येशू बलि हुनुभएको सत्य नै हाम्रो एकमात्र आशा हो। यसले हामीहरूलाई कसरी नम्र बनाउनुपर्दछ वा अरूप्रति अझ माया दया करूणा र क्षमाशील बन्न कसरी सघाउँछ? लूका ७:३६-५०मा उल्लेख गरिएको विवरणबाट हामी के सिक्न सक्छौं? हेर्नुहोस् "३६ फरिसीहरूमध्ये एक जनाले उहाँलाई भोजन गर्न निम्तो दिए, र उहाँ त्यस फरिसीको घरमा गएर खान बस्नुभयो। ३७ त्यस सहरमा एउटी पापी

स्त्री थिई। फरिसीको घरमा येशू खान बस्नुभएको छ भन्ने
सुनेर, एउटा सिङ्गमरमरको शीशीमा अत्तर लिएर त्यो त्यहाँ
आई, ३८ र पछिल्तिरबाट उहाँका पाउनेर उभिएर, रुँदै
उहाँका पाउ आँसुले भिजाउन लागी, र आफ्नो शिरका
कपालले पुछ्दै उहाँका पाउलाई चुम्बन गरी, र त्यो अत्तर
घस्न लागी। ३९ उहाँलाई निम्तो गर्ने फरिसीले यो देखेर
मनमनै यसो भन्न लागे, "यिनी अगमवक्ता हुँदा हुन् ता
यिनलाई छुने को र कस्ती स्त्री हो भनी यिनले जान्नेथिए,
किनकि यो त पापीनी हो।" ४० येशूले त्यस फरिसीलाई
भन्नुभयो, "ए सिमोन, तिमीलाई केही भन्नु छ।" तिनले भने,
"गुरुज्यू, भन्नुहोस्।" ४१ "कोही साहूकारका दुई ऋणीहरू
थिए, एउटाले पाँच सय रुपियाँ र अर्कोले पचास रुपियाँ ऋण
लिएका थिए। ४२ तर तिनीहरूसित तिर्ने केही नहुँदा तिनले
दुवैलाई माफी दिए। यसकारण भन त, यी दुईमध्ये
कुनचाहिँले तिनलाई बढ़ी प्रेम गर्नेछ?" ४३ सिमोनले भने, "म
ठान्छु, जसले बढ़ी क्षमा पायो।" उहाँले तिनलाई भन्नुभयो,
"तिमीले ठीकै विचार गरेका छौ।" ४४ अनि त्यस स्त्रीतिर
फर्केर उहाँले सिमोनलाई भन्नुभयो, "यस स्त्रीलाई देख्तछौ? म
तिम्रो घरभित्र आएँ, तर तिमीले मलाई पाउ धुने पानी दिएनौ,
तर यसले मेरा पाउ आँसुले भिजाई, र आफ्ना केशले पुछी।
४५ तिमीले मलाई चुम्बन गरेनौ, तर यसले त, यहाँ म
आएदेखि, मेरा पाउ चुम्बन गर्न छोड़ेकी छैन। ४६ तिमीले
मेरो शिरमा तेल घसिदिएनौ, तर यसले त मेरा खुट्टामा अत्तर
घसेकी छे। ४७ यसकारण म तिमीलाई भन्दछु, यसका पाप,
जो धेरै छन्, क्षमा भएका छन्, किनकि यस स्त्रीले बढ़ी प्रेम
देखाई। तर जसलाई थोरै क्षमा गरिन्छ, त्यसले थोरै प्रेम
गर्दछ।" ४८ अनि उहाँले त्यस स्त्रीलाई भन्नुभयो, "तिम्रा
पाप क्षमा भएका छन्।" ४९ खान बस्नेहरूले आपसमा भन्न
लागे, "पाप क्षमा गर्ने यिनीचाहिँ को हुन्?" ५० उहाँले त्यस
स्त्रीलाई भन्नुभयो, "तिम्रो विश्वासले तिमीलाई बचाएको छ,
शान्तिसाथ जाऊ।"

ई. दानिएलले प्रार्थना गर्दा र आफ्नो आशा पहिल्याउँदा त्यसको केन्द्रविन्दु पवित्र धर्मशास्त्र भएको हेर्नुहोस्। उनको राष्ट्रको विध्वंस भएको थियो, शत्रुदेशले आक्रमण गरेर यहूदीहरूलाई परास्त्र पारेको थियो, मानिसहरूले विदेशमा प्रवासी जीवन बिताउनुपरेको थियो, सारा भूमि बर्बादीको अवस्थामा थियो र यहूदीहरूको आस्थाको  केन्द्रविन्दु पवित्र सहर ध्वस्त भएको थियो। यद्यपि, ती सबैको बाबजुद पनि मानिसहरू आफ्नो मातृभूमिमा फर्किनेछन् भन्ने आशा दानिएलले राखेका थिए। बाइबल र बाइबलमा उल्लेख गरिएका प्रतिज्ञाहरूबाट बाहेक उनले त्यो आशा कहाँबाट पाए होलान्? हामीमा भएको आशा र पवित्र धर्मशासास्त्रमा दिइएको प्रतिज्ञाहरूले हामी जिइरहन चाहन्छौं भने निरन्तररूपमा परमेश्वरको वचन वा बाइबल पढ्नुपर्ने खाँचो रहेछ भनेर दानिएलको अनुभवबाट हामीले कसरी सिक्नुपर्छ?

# कथा १०
# आङ्गोलाको एयरपोर्टमा स्वर्गदूत
## आन्द्र्यु मेकचिस्नी

के एयरपोर्टमा स्वर्गदूतहरू बस्छन्?

एउटा टिएएजी आङ्गोलन हवाई जहाजले मलाई एकदिन बेलुका अफ्रिकी देश आङ्गोलाको राजधानी लुवान्डामा झारिदियो। त्यसबेला मैले त्यस एयरपोर्टमा अर्को हवाईजहाज पक्रन दुई घन्टा कुर्नुपरेको थियो। म टापुहरूको राष्ट्र सावटोमे र प्रिनसिपीमा मिशन कथाहरू जम्मा गर्न जाँदै थिएँ।

जब समय आयो मैले हवाई जहाज चढ्ने पास पाएँ र अरू जस्तै म पनि जहाज चढ्नेहरूको लामो पङ्क्तिको बीचमा उभिएँ। जब म जहाज चढ्न पास दिँदै थिएँ तब पास लिने व्यक्तिले मलाई केही क्षण पर्ख भनिन्। मलाई असजिलो लागेकोले मैले जानेको पोर्चयूगिज भाषामा केही बोलें जुन उनले बुझिनन्। उनले नजिकैको सुरक्षा गार्डलाई बोलाएर भनिन् कि मैले २० मिनेट पर्खनुपर्छ।

२० मिनेट पछि मेरो बोर्डिङ्ग पासलाई हवाईजहाजकी कर्मचारीले स्वीकार गरिन् र म जहाज उड्ने कोठामा मानिसहरूको हुल भएको ठाउँमा १५ मिनेट उभिन पुगें। त्यपछि हवाईजहाजको कर्मचारीले "साओ टोमे" भनेर चिच्याइन् र म हवाई जहाज चढ्ने भरेङ्गमा ओर्ल्हन थालें। तर त्यहाँ पनि मेरो बोर्डिङ्ग पासलाई अस्वीकार गरियो। त्यसबेला पनि मैले भनेको कुरा कर्मचारीले बुझेनन् र अर्को २० मिनेट पर्खनुपर्ला भनेर कुरें।

अरू यात्रुहरू भरेङ्गमा झरे। अनि थोरै यात्रुहरूमात्र कोठामा बाँकी थिए। त्यसकारण म पनि तल ओर्ल्हें। तर कसैले पनि मेरो बोर्डिङ्ग पासको चेक गरेनन्। मैले जहाज चढ्न जाने बसको निम्ति अरूहरूसँगै बसेर पर्खें। तर केही मिनेट भयो हवाई जहाज सम्म लाने कुनै पनि बस आएन। अनि एक जना युवा मेरो झोला बोक्दै मेरो अगाडि उभियो। ऊ लाइनको पछाडि किन उभिएन भनेर मैले सोचें। केही मिनेट पछि उसले मलाई हेरेर भन्यो "मेरो अङ्ग्रेजी।" उसले पोर्टुगिज भाषामात्र जानेको रहेछ भनेर मैले अनुमान गरें किनभने उसले भनेको मैले बुझेको थिइनँ। त्यस युवकले हामीतिर हेरेर अङ्ग्रेजी भाषामा करायो "यो पङ्क्ति त पोर्टुगाल जाने यात्रुहरूको हो। साओ टोमो जाने ढोका उतातिर छ" भनेर देखायो।

"धन्यवाद" भनेर म कराएँ र उसले भनेको ढोकातिर म गएँ। त्यहाँ त म जाने हवाईजहाजको बस पर्खेर बसेको रहेछ। म हत्त न पत्त बसमा चढैं। बस जहाजनिर आएर रोकियो। अनि बसबाट ओर्लेर म जहाज चढैं।

म जहाजको सिटमा बसैं। जहाजमा मानिसहरू धेरै थिएनन्। अनि एयरपोर्टमा रहेको अपरिचित युवाको बारेमा मैले सोचें। मैले अङ्ग्रेजी जानेको भनेर उसले कसरी थाहा पायो? म कहिल्यै कसैसँग बोलेकैं थिइँन। मकहाँ जाँदै छु सो उसलाई कसरी थाहा भयो? मेरो बोर्डिङ्गपास मेरो खल्तीमा थियो। त्यो हुलमा उसले मलाईमात्र किन औंल्यायो?

जब म साओ टोमेमा आइपुगें तब मेरो घट्ना स्थानीय चर्चको अगुवा इलिसी आर. जेभिएरलाई भनें। परमेश्वरले स्वर्गदूतलाई त्यहाँ पठाउनुभएको थियो भनेर उनले भने। यदि मैले ठिक हवाईजहाजमा चढ्न नसकेको भए मैले लुवान्डामा तिन दिन पर्खनुपर्थ्यो। साओ टोमेमा लुवान्डाबाट हप्ताको केवल तिन पल्टमात्र जहाज उड्छ। मलाई यो शङ्का छैन कि एयरपोर्ट स्वर्गदूतहरूको घर हो।